# थासाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय




## थासाङ गाँउपालिकाका स्वास्थ्य संस्थाहरुको आ व २०८१/२०८२ को सामाजिक परीक्षण प्रतिबेदन

प्रतिवेदन तयार गर्ने

सस्टेनेबल कम्युनीटि एकाउण्टेविलिटी रिसर्च सेन्टर बेशीसहर,लमजुङ

## विषय सुची


**गाउँपालिकाको संक्षिप्त परिचय ............ ४**

**जनसंख्या र जनघनत्व ............ ४**

**सामाजिक परीक्षण अध्ययनको पृष्ठभूमीः ............ ६**

**स्वास्थ्य संस्थाका बारेमा संक्षिप्त जानकारीः ............ ७**

**स्वास्थ्य संस्थाको सामाजिक परीक्षणको उद्देश्य ............ ८**

**सामाजिक परीक्षणको अवधि ............ ८**

**कानूनी आधार ............ ८**

**स्वास्थ्य क्षेत्रको सामाजिक परीक्षणमा समावेश गरिने मुख्य क्षेत्रहरु ............ ८**

**सामाजिक परीक्षणमा प्रयोग गरिएका बिधि ............ ९**

**सम्पन्न गरिएका मुख्य क्रियाकलापहरु ............ ९**

**स्वास्थ्य संस्थाका सवल पक्षहरु ............ १०**

**सुधार गर्नुपर्ने पक्षहरु ............ ११**

**अघिल्लो प्रतिवेदनमा भएका सुझाबहरु कार्यान्वयनको अबस्था ............ १३**

**चुनौतीहरु ............ १३**

**आम भेला संचालन ............ १४**

**आम भेलामा उठेका मुख्य सवालहरु र सम्बोधन गर्नुपर्ने विषयहरु ............ १४**

**(क) प्राथमिकतामा परेका स्वास्थ्य सेवाहरुः ............ १५**

**ख) स्वास्थ्य संस्था व्यवस्थापन संग सम्बन्धित विषयहरु ............ १६**

**(ग) स्वास्थ्य सेवाको गुणस्तरः ............ १७**

**घ) वित्तिय अवस्था: ............ १७**

**स्वास्थ्य संस्थाको अवस्था विश्लेषण, संस्थाको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर तथा चुनौतीहरु तथा कार्ययोजना ............ १८**

**लेते प्राथामिक स्वास्थ्य केन्द्र ............ १८**

**लेते प्राथमिक स्वास्थ्य केन्द्र ............ १८**

**आ व २०८३/०८४ को लागि लेते प्राथमिक स्वास्थ्य केन्द्रको कार्ययोजना ............ १९**

**कोवाङ स्वास्थ्य चौकी ............ २०**

**कार्ययोजना आव २०८३/०८४ को लागि कोवाङ स्वास्थ्य चौकीको कार्ययोजना ............ २२**

**टुकुचे स्वास्थ्य चौकी ............ २३**

**टुकुचे स्वास्थ्य चौकीको आव २०८३/०८४ को कार्ययोजना ............ २४**

**कुन्जो स्वास्थ्य चौकी** .......... २५
आव २०८३/०८४ को लागि कुन्जो स्वास्थ्य चौकीको कार्ययोजना .......... २७
**आम भेलामा तथा कार्यपालिका बैठकमा प्राप्त सुझाव तथा प्रतिक्रिया** .......... २९
**सुझावहरु** .......... ३०
**निष्कर्ष** .......... ३१
**अनुसची १** .......... ३१
**लेते प्राथमिक स्वास्थ्य केन्द्र** .......... ३१
**खोप, परिवार नियोजन तथा सुरक्षित मातृत्व सेवाको अवस्था आव ०८०/०८१ र आ। व ०८१/०८२** .......... ३१
कोवाङ स्वास्थ्य चौकी .......... ३४
खोप, परिवार नियोजन तथा सुरक्षित मातृत्व सेवाको अवस्था .......... ३४
सेवाग्राही सन्तुष्टी मापन .......... ३७
टुकुचे स्वास्थ्य चौकी .......... ३७
**कुञ्जो स्वास्थ्य चौकी** .......... ४१
**खोप, परिवार नियोजन तथा सुरक्षित मातृत्व सेवाको अवस्था** .......... ४१
**आमभेलाको उपस्थिती** .......... ४४

## गाउँपालिकाको संक्षिप्त परिचय

थासाङ गाउँपालिका मुस्ताङ जिल्लामा अवस्थित छ । वि.सं २०७३ सालमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७५३ स्थानीय तह लागू गर्दा मुस्ताङ जिल्लामा साविक टुकुचे गाविसका १ र ७ नम्बर वडाहरू तथा साविक कोवाङ, लेते र कुञ्जो गाउँ विकास समितिहरूलाई समेटेर थासाङ गाउँपालिका बनाइएको हो थासाङ गाउँपालिकाको क्षेत्रफल २८९ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिका ५ वडाहरूमा विभाजन गरिएको छ । यस गाउँपालिकाको कूल जनसंख्या २८५६ रहेको छ । जसमध्ये पुरुषको संख्या १४५४ तथा महिलाको जनसंख्या १४०२ रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा घरपझोङ गाउँपालिका र म्याग्दी, पश्चिममा म्याग्दी जिल्ला, उत्तरमा बाह्रगाउँ मुक्तिक्षेत्र र घरपझोङ गाउँपालिका र दक्षिणमा म्याग्दी जिल्ला पर्दछ ।

थासाङ गाउँपालिका धौलागिरी र निलगिरी दुई अग्ला हिमशिखरको बिचमा अवस्थित, हिन्दू र बौद्ध पावनभूमी, पवित्र कालीगण्डकी प्रवाहित हुने प्रकृतिको अनुपम दृश्य भएको पर्यटकका लागि मनमोहक एंव सुन्दर गाउँ हो । भौगोलिक विभाजन अनुसार हिमाली प्रदेशमा अवस्थित यो गाउँपालिकाको पृष्ठभुमी मुस्ताङ जिल्लासंगै गाँसिएर आउँछ । मनोरम हिमाली संरचनाले भरिपूर्ण यो गाउँपालिकाको उच्च हिमाली क्षेत्रको विचमा यत्रतत्र छरिएर रहेका अग्ला होचा भू-भागहरु लगायत विविध भौगोलिक वनावटले गाउँपालिकाको सुन्दरतालाई वृद्धि गर्न मद्दत गरिरहेका छन् । यसका साथै यो क्षेत्र समग्र देशको सुन्दर हिमाली आर्कषणयूक्त भूगोलहरुको प्रतिविम्व हो।

थासाङ गाउँपालिका जातिय, भाषिक, धार्मिक रुपमा विविधता बोकेको गाउँपालिका हो । यसै कारण यहाँका स्थानीय चाडपर्व तथा संस्कृतीहरुमा पनि विविधता पाइन्छ । यस क्षेत्रमा बसोवास गर्ने जातजाति अनुसार फरक फरक चाडपर्व तथा जात्राहरु यहाँ मनाइने गर्दछन । आम नेपालीको लागि नै साझा चाडपर्वको रुपमा मनाइने जनैपूर्णिमा, फागु पूर्णिमा, दशैं तिहार बाहेकका यहाँ क्षेत्री बाहमणका तथा थकालीले तिज, गुरुपूर्णिमा, रक्षाबन्धन , मगर तथा तामाङको ल्होसार, लगायतका चाडपर्वहरु यस क्षेत्रमा मनाइने महत्वपूर्ण चाडपर्व रुपमा रहेका छन् ।

## जनसंख्या र जनघनत्व

थासाङ गाउँपालिकाको २०७४ सालको वडा सर्वेक्षणका आधारमा कुल जनसंख्या ३,१०९ रहेको देखिन्छ । जसमध्ये पुरुषको जनसंख्या १,६०४ रहेको छ भने महिला जनसंख्या १,५०५ रहेका छ। थाासाङ गाउँपालिकाको साक्षरता प्रतिशत ७७.७ रहेको छ । जसमध्य पुरुष साक्षरता ८३.१ तथा महिला साक्षरता ७२.७ प्रतिशत रहेको छ ।



गाँउपालिका भित्रको सुन्दर बस्ती फाइल फोटो




## सामाजिक परीक्षण अध्ययनको पृष्ठभूमीः

स्वास्थ्यक्षेत्रमा सुशासन हासिल गर्दै नागरिकको आधारभूत स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गर्ने, मुख्य आधारका रुपमा सामाजिक परीक्षणलाई लिने गरिन्छ । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मन्त्री स्तरीय निर्णयबाट २०७७/०३/०७ बाट स्वास्थ्य क्षेत्रका लागि सामाजिक जवाफदेहिता सम्बन्धि संघीय मार्गदर्शन तयार गरी कार्यान्वयनमा रहेको छ । यसले समावेशी र नागरिकमैत्री स्वास्थ्य सेवा प्रवद्र्धनको लागि सामाजिक लेखाजोखा गनुपर्ने व्यवस्था गरेको छ । स्वास्थ्यसेवा प्रदायकको जिम्मेवारी र हासिल हुने नतिजा बीचको तादम्यता कायम गर्ने तरिकाको रुपमा सामाजिक परीक्षणलाई लिईन्छ । त्यसैगरी स्वास्थ्य क्षेत्रमा नागरिक र सरोकारवालाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, उनीहरूबाट पृष्ठपोषण प्राप्त गर्ने र स्वास्थ्य क्षेत्रलाई गुणस्तर र समावेशिताका दृष्टिले प्रभावकारी तुल्याउन निरन्तर सुधार गर्दै लैजाने आधार सामाजिक परीक्षणले प्रदान गर्दछ ।

सामाजिक परीक्षणले स्वास्थ्य क्षेत्रका नीति, योजना, बजेट, सेवाप्रवाह तथा स्वास्थ्य सम्बन्धी कार्यक्रमको सामाजिक प्रभावकारिता, सरोकारवालाहरुको सहभागीता, जवाफदेहिता र समावेशीता लाई प्राथमिकतामा राखि स्वास्थ्य क्षेत्रको बजेट तथा कार्यक्रम बनाउँनु पर्नेमा जोड दिएको छ ।

स्वास्थ्य सेवालाई नागरिकप्रति जवाफदेही बनाउनका लागि सेवाग्राही तथा समुदायको सक्रिय सहभागिता कायम गर्न सक्ने गरी सचेत र सशक्त बनाउने कार्यमा सामाजिक परीक्षणले सहयोग पुर्याउँछ।

## स्वास्थ्य संस्थाका बारेमा संक्षिप्त जानकारीः

थासाङ गाउँपालिका स्थित टुकुचे स्वास्थ्य चौकी, कुन्जो स्वास्थ्य चौकी, कोवाङ स्वास्थ्य चौकी तथा लेते प्राथमिक स्वास्थ्य केन्द्र ले वडा नं १, ५, ३ तथा ४ का जनताहरुलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएका छन् । वडा नं १ को जनसंख्या ६१० रहेको छ । जसमा महिला ३१५ र पुरुष २९५ छन् । वडा नं २ को कुल जनसंख्या ७६६ रहेको छ जसमा महिला ३६८ र पुरुष ३९८ रहेको छ । त्यसैगरी वडा नं ३ को कुल जनसंख्या ५३६ छ जसमा महिला २५७ तथा पुरुष २७९ रहेको छ । वडा नं ४ मा महिला २०६ तथा पुरुष २२५ गरी ४३१ जनसंख्या छ । वडा नं ५ को जनसंख्या ५१३ छ यसमध्य महिला २५६तथा पुरुष २५७ रहेका छन् ।

उल्लेखित स्वास्थ्य संस्थाको समग्र स्वास्थ्य क्षेत्रको सामाजिक, आर्थिक, भौतिक, प्रशाशनिक, सेवा प्रवाह, समुदायको सहभागीता तथा व्यवस्थापकिय अवस्थाको नियमित मुल्यांकन गर्ने प्रावधान अनुरुप सामाजिक परीक्षण गरिएको हो । यी स्वास्थ्य संस्थाहरु, स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति तथा कार्यरत कर्मचारीहरु, सेवाक्षेत्र भित्रका सेवाग्राही, सरोकारवाला,सँग छलफल तथा संवाद गरी वर्तमान अवस्थाको पहिचान तथा आगामी दिनमा स्वास्थ्य संस्थाको कामलाई कसरी प्रभावकारी बनाउँन सकिन्छ भन्ने बारेमा सदा क्रियाशील छन् ।




स्रोतः राष्ट्रिय जनगणना २०७८

## स्वास्थ्य संस्थाको सामाजिक परीक्षणको उद्देश्य

- आधारभूत र आकस्मिक स्वास्थ्य सेवामा नागरिकको पहुँच र सहभागीता सुनिश्चित गर्नु ।
- स्वास्थ्य सेवा प्रवाह र स्वास्थ्य सम्बन्धी कार्यक्रमको वारेमा नागरिकलाई जानकारी र सूचना उपलब्ध गराउनु ।
- स्वास्थ्य सेवा सुधारका लागि नागरिक सचेतना बढाउन, नागरिकको सकारात्मक दवाव सृजना गर्न, नागरिक पृष्ठपोषण लिनु ।
- नागरिकमैत्री स्वास्थ्य सेवाका लागि स्वास्थ्य संस्थालाई जवाफदेही बनाउनु ।
- स्वास्थ्य सेवालाई समावेशी बनाउनु ।
- सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र समुदायको अपनत्व बढाउनु।
- स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न, स्रोतको सही उपयोग सुनिश्चित गर्न, र सेवाग्राही ( विशेषगरी महिला, दलित, जनजाती, गरिब जोखिममा रहेका, पिछडिएका एवम् बञ्चितिमा परेका समुदाय) को अधिकार र पहुँच अभिवृद्धि गर्दै स्वास्थ्य संस्था र समुदायबीच विश्वासको वातावरण बनाउने ।
- आम नागरिकको प्रत्यक्ष सहभागिताका आधारमा स्वास्थ्य सेवाप्रति उनीहरूको अधिकार, जिम्मेवारी र अपनत्व भावना विकास गर्ने ।
- नागरिक र स्वास्थ्य संस्थाहरू बीच खुल्ला रूपमा सही सूचना आदान-प्रदान, छलफल र नियमित संवाद गर्ने परिपाटीको विकास गर्ने।

## सामाजिक परीक्षणको अवधि

थासाङ गाँउपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको आर्थिक वर्ष २०८१/२०८२ को सामाजिक परीक्षण

## कानूनी आधार

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा ५ मा गाँउपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी,जनउत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक परीक्षण ,सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमसञ्चालन गर्नु पर्नेछ ।
- स्वास्थ्य क्षेत्रका लागि सामाजिक जवाफदेहीता संघीय मार्गदर्शन २०७७

## स्वास्थ्य क्षेत्रको सामाजिक परीक्षणमा समावेश गरिने मुख्य क्षेत्रहरु

- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह,
- सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य, परिवार नियोजन, बाल स्वास्थ्य सेवा
- स्वास्थ्य क्षेत्रको संस्थागत क्षमता, भौतिक पूर्वाधार तथा जनशक्ति व्यवस्था, स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी प्रति सेवाग्राहीको अभिमत

- समावेशी स्वास्थ्य कार्यक्रम सन्चालन
- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन सतिमिको भुमिका स्वास्थ्य संस्थाको आम्दानी खर्चको अवस्था

## सामाजिक परीक्षणमा प्रयोग गरिएका बिधि

- स्वास्थ्य संस्था प्रमुख तथा कर्मचारीहरुसँग छलफल
- स्वास्थ्य संस्थाबाट प्रदान गरिने विभिन्न सेवाको अभिलेख अध्ययन
- सेवाग्रहीहरुको विवरण अध्ययन
- सेवाग्राहीहरु सँग प्रत्यक्ष भेटघाट अन्तवार्ता
- समुह केन्द्रित छलफल
- स्वास्थ्य संस्था व्यवस्थापन समितिसँग छलफल
- आम भेला
- स्वास्थ्य क्षेत्रका सरोकारवालाहरुको प्रतिक्रिया तथा प्रतिवद्धता

## सम्पन्न गरिएका मुख्य क्रियाकलापहरु

- समिति र कर्मचारीहरुलाई कार्यक्रमको बारेमा अभिमूखीकरण
- निःशुल्क प्रसूति सेवा लिने आमाको विवरण संकलन
- निःशुल्क प्रसूतिसेवा लिने आमाहरूसँग भेटघाट
- औषधि दाखिला र शून्य मौज्दातको विवरण अध्ययन
- स्वास्थ्य संस्थाको आम्दानी खर्चको विवरण रुजु
- खोप, परिवार नियोजन र सुरक्षित मातृत्व कार्यक्रमबाट लाभान्वितहरूको विवरण
- स्वास्थ्य संस्थाबाट विविध सेवा लिनेहरूको विवरण
- स्वास्थ्यकर्मीहरू संग अन्तरक्रिया
- स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समितिसंग अन्तरक्रिया
- सेवाग्राहीले सेवा लिएर फर्कंदाको अनुभव सङ्कलन, समुदाय तहमा सूचना सङ्कलन
- विषय केन्द्रित समूह छलफल
- सूचनाको विश्लेषण
- आमभेलाको आयोजनाः पृष्ठपोषण संकलन, सरोकारवालाको प्रतिक्रिया र प्रतिवद्धता
- कार्ययोजना तयारी
- प्रतिवेदन
- सामाजिक परीक्षणबाट प्राप्त मुख्य नतीजाहरु
- स्वास्थ्य संस्थाका सवल पक्षहरु

- स्वास्थ्य संस्थाहरुको आफनै भवन भएको
- स्वास्थ्य संस्था नियमीत संचालन भएको
- स्वास्थ्य संस्थाहरुको कार्यालयको वोर्ड र छाप भएको
- सामाजिक परीक्षणबाट प्राप्त मुख्य नतीजाहरु

## स्वास्थ्य संस्थाका सवल पक्षहरु

थासाङ गाँउपालिकामा १ प्राथमिक स्वास्थ्य केन्द्र ३ स्वास्थ्यचौकी र १वटा आधारभुत स्वास्थ्य केन्द्र र १ वटा सामुदायीक स्वास्थ्य इकाई रहेका छन्। जसमा

- स्वास्थ्य संस्थाहरुको आफ्नै भवन वाट सेवा सुचारु भैराखेको
- कम्पाउण्ड वाल
- शौचालयको व्यवस्था
- उचित खानेपानी व्यवस्था रहेको
- स्वास्थ्य संस्था व्यवस्थापन समिति रहेको
- सेवाग्राही सन्तुष्टि डिजिटल फर्मको व्यवस्था गरिएको
- संस्थागत सुत्केरी भत्ता नेपाल सरकारबाट प्राप्त हुने रकममा स्थानीय तहले थप गरि संस्थागत सुत्केरीमा प्रोत्साहन गरेको । साथै अण्डा र आयोनुन समेत प्रदान गरि पोषणमा सुधार गरेको
- स्वास्थ्य संस्था व्यवस्थापन समिति र कर्मचारीहरुको बैठक आबश्यकता बमोजिम बस्ने
- सेवाको अभिलेखिकरण गर्ने गरिएको
- पालिकामा पोषणमैत्री कार्यक्रम सञ्चालन भएको
- एम्बुलेन्स सेवा उपलब्ध रहेको
- कर्मचारीहरु पोशाक र परिचय पत्रमा रहेको
- आकस्मिक सेवाकालागी स्वास्थ्यकर्मी कुनैपनि बेला खटिने गरेको पाइयो । प्रतिवेदन नियमित रुपमा अनलाइन हुने गरेको।
- चौबिसै घण्टा आकस्मिक सेवा दिइएको
- औषधिको आपूर्ति नियमित भएको।
- बेला बेलामा स्वास्थ्य शिबिर सञ्चलन हुने गरेको
- प्राथमिक स्वास्थ्य केन्द्रमा फार्मेसी सञ्चालन भएको। डिजिटल हाँजिरी भएको। थोरै भएपनि अपाङ्गमैत्री संरचना देखियो ।
- नेपाल सरकारबाट निशुल्क बितरण गरिने ९८ प्रकारका औषधीहरु बितरण गर्ने गरेको यसमा केही औषधी गाँउपालिकाले पनि थप गरेको ।
- MSS सबै संस्थाहरुले गरेको पाइयो पुर्वाधार तथा सामाग्रीको कारण स्कोर कम देखिन्छ।

- स्वास्थ्य संस्था नियमीत संचालन भएको
- स्वास्थ्य संस्थाहरुको कार्यालयको वोर्ड र छाप भएको
- औषधिको विवरण प्राप्त भएको
- स्वास्थ्य कर्मीहरुको नियमित उपस्थिति देखिएको
- स्वास्थ्य संस्थामाआ.ब.अनुसारका सेवाका इलोक्ट्रोनिक फाईलहरु राखिएको
- स्वास्थ्य चौकीमा प्लासेन्टापिटको व्यवस्था
- स्वास्थ्य संस्थामा विद्धुतको व्यवस्था भएको
- सबै स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रमा बर्थिङ सेन्टर रहेको ।
- स्वास्थ्य संस्थामा खोप, सुरक्षित मातृत्व र परिवार नियोजन सेवाका अभिलेखिकरण राम्रो रहेको।
- स्वास्थ्य संस्थाहरुमा औषधि भण्डारण उपयुक्त तरीकाबाट गरिएको ।
- स्वास्थ्य संस्थामा ल्याव सेवा संचालन गरिएको ।
- सेवाग्राहीले निःशुल्क प्रसुती सेवा पाएको
- स्वास्थ्य संस्थामा नियमित ओपीडी सेवा संचालन र निःशुल्क औषधीहरु वितरण भएको
- स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यावस्थापन समिति कार्यरत रहेको
- स्वास्थ्य संस्थामा आमा सुरक्षा कार्यक्रम संचालन भएको
- स्वास्थ्य संस्थामा सुत्केरि हुने आमाहरुले प्रोत्साहन भत्ता पाईराखेको।
- प्राथमिक स्वास्थ्य केन्द्रमा गर्भवती जाँचको लागि भिडियो एक्स रे सेवा उपलब्ध रहेको।
- ७० वर्षभन्दा माथिका जेष्ठ नागरीकलाई निशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने गरिएको
- सेवाग्राहीहरु स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाबाट खुसी रहेको
- खोपकेन्द्र तथा गाँउघर क्लिनीक नियमित संचालन भैराखेको
- स्वास्थ्य संस्थामा नागरिक वडा पत्र भएको
- स्वास्थ्य संस्थामा सुझाव पेटिका भएको

## सुधार गर्नुपर्ने पक्षहरु

- दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापन गर्नुपर्ने । **Birthing Center** भएका स्वास्थ्य संस्थाहरुमा पनि दक्ष जनशक्ती नभएकोले व्यवस्था गर्नुपर्ने। कम जन्मदर भएका **Birthing Center** भएका स्वास्थ्य संस्थाहरुसम्म राम्रो यातायातको व्यवस्था गरि नजिकका स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा सहितको बर्थिङ सेन्टर गराउदा राम्रो हुन्छ।
- गाँउपालिकाबाट सबै स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन गरेमा राम्रो ।
- शबबहान नभएर एम्बुलेन्स प्रयोग गर्न पर्ने अवस्था रहेकाले १ वटा शबबहान गाँउपालिकाले ब्यबस्था गरे राम्रो हुन्थ्यो ।

- व्यवस्थापन समितिको बैठक मासिक र नियमित हुनुपर्ने ।
- शौचालयको व्यवस्थापनमा ध्यान दिनुपर्ने (महिला, पुरुष अलग्गै हुनुपर्ने)।
- नागरिक वडापत्र राख्नु पर्ने ( केही स्थानमा छ)।
- समय सापेक्ष स्वास्थ्य संस्थाको भवन निर्माण साथै मर्मतमा ध्यान दिनुपर्ने।
- संस्थामा मासिक अनुगमन पुस्तिका अध्याधिक गर्नुपर्ने।
- सुचना अधिकारी तोक्नुपर्ने प्राथामिक स्वास्थ्य केन्द्रमा रहेको अन्यत्र नभएको ।
- स्वास्थ्य संस्थामा आमाहरुको लागि छुट्टै स्तनपान कक्षको व्यवस्था गर्नुपर्ने।
- कुहिने, नकुहिने, औषधिजन्य र धारिलो किसिमको फोहोर छुट्टाछट्टै व्यवस्थापन गर्नुपर्ने ।
- स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिको बैठक नियमितरुपले गर्ने तथा आम्दानी खर्चको हरहिसाब बारे समितिमा नियमित छलफल गर्नुपर्ने।
- स्वास्थ्य संस्थाबाट प्रदान गरिने प्रसुती प्रोत्साहन लगायत अन्य रकम बैकिङ  प्रणालीबाट गर्दा राम्रो हुन्छ।
- स्वास्थ्य संस्थामा जान आउनको लागि अपाङ्गमैत्री बाटो निर्माणमा ध्यान दिनुपर्ने।
- शौचालय व्यवस्थापनमा सुधार गर्नुपर्ने ( महिला, पुरुष, स्टाफ छुट्टाछुट्टै तथा अपाङ्गमैत्री

संरचना बनाउनुपर्ने )।

- रिक्त दरबन्दी पदपुर्तीको लागि पहल गर्नुपर्ने।
- बिरामीहरुलाई पालो पर्खने ठाँउ तथा प्रक्षिलयको व्यवस्था गर्नुपर्ने।
- बिरामी प्रतिक्षलयमा आरामदायी कुर्चीको व्यवस्थापन गर्नुपर्ने।
- फोहोर मैला व्यवस्थापनमा ध्यान दिनुपर्ने।
- सबै स्वास्थ्यचौकीमा कार्यालय सहयोगी व्यवस्थापन गर्नुपर्ने। (स्वास्थ्य संस्था हप्तामा १ दिन मात्र सफा गर्ने गरेको पाइयो।
- **Online reporting and recording** गर्नुपर्ने भएकाले बैकल्पिक उर्जा (ब्याकअप) को व्यवस्था भए राम्रो हुन्छ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा १ वटा कम्बोड शौचालय भएमा राम्रो हुन्थ्यो ।
- PHC मा **Ice Lined Refreigerator (ILR) Deep Freeze** भए राम्रो हुन्थ्यो
- PHC मा X-ray machine पुरानो र परम्परागत खालको भएकोले आधुनिक मेशनि खरिद गरि सेवा सञ्चालन गर्नु पर्ने।
- प्राथमिक स्वास्थ्य केन्द्रमा सुरक्षा गार्डको आबश्यकता देखियो।
- PHC मा रहेको फार्मेसीमा औषधी खरिद गर्नुपुर्व अनिवार्य रुपमा व्यवस्थापन समितिको बैठक बस्नुपर्ने ।

- कुन्जो स्वास्थ्य चौकीमा **Birthing Center** भएको तर विद्युत आपुर्ति पटक पटक अबरुद्ध हुनाले सुत्केरी गराउदा अंध्यारोमा गराउन पर्ने अवस्था रहेको। बैकल्पिक व्यवस्था भएमा राम्रो ।
- कुन्जो स्वास्थ्य चौकीमा डेलिभरी बेड र ड्रेसिङ बेड एउटै भएकोले ड्रेसिङ बेड डेलीभरी बेड फरक हुनपर्ने।
- कुन्जो स्वास्थ्य चौकीमा शौचालय वडा कार्यालयको प्रयोग गर्ने गरेको। विरामी स्वस्थ्यकर्मी तथा वडा कार्यालयका सेवाग्राही सबैको लागी १ वटा मात्र शौचलय भएको र १ वटा शौचालय मर्मत गर्न मिल्ने रहेकाले मर्मत गरेर सञ्चालन गर्दा सहज हुने । **Handwashing corner** पनि नभएको।
- कोबाङ स्वास्थ्य चौकीको ड्रेसिङ कक्षका काठहरु कुहिएर भित्र ड्रेसिङ गर्न नसकिने अवस्थाका छन्। यसलाइ मर्मत गर्नुपर्ने देखिन्छ।
- कोबाङ स्वास्थ्य चौकीमा ओपिडी खुला ठाँउमा रहेकाले सोही स्थानमा कोठाको ब्यबस्था गर्नुपर्ने देखिन्छ।
- टुकुचे स्वास्थ्य चौकीमा fetal Doppler विग्रिएको । सुत्केरीको लागी कम्बलको ब्यबस्था भए राम्रो हुन्थ्यो।
- फोहर व्यवस्थापन खाल्डोमा गरिएको छ तर प्लाष्टर गरिएको छैन। फोहर व्यवस्थापन गर्ने खाडल व्यवस्थीत भए राम्रो हुन्छ।
- प्राथामिक स्वास्थ्य केन्द्र लगायतका सबै स्वास्थ संस्थाहरुको लेखापरीक्षण गर्नु पर्ने।

## अघिल्लो प्रतिवेदनमा भएका सुझाबहरु कार्यान्वयनको अबस्था

- लेते प्राथामिक स्वास्थ्य केन्द्रमा ई हाँजीरी सञ्चलान भएको ।
- लेते PHC मा एम्बुलेन्स चालकको व्यवस्था भएको ।
- PHC मा सबारी साधन मोटरसाइकल उपलब्ध भएको ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा अपाङ्गमैत्री बाटो बनेको
- PHC को शौचालयमा महिला पुरुष छुट्टाएको
- नागरिक बडा पत्र भएको
- PHC सुचना अधिकारी तोकेको
- फार्मेसी सञ्चालन भएको

### चुनौतीहरु

- USG सेवा संचालन भएको तर उपयुक्त जनशक्ति नभएकोले रिपोर्ट प्रमाणीकरण गर्न नसकिएको ।
- शव वाहन आवश्यक रहेको
- फोहरमैला उचित व्यवस्थापन

- स्वास्थ्य संस्थाबाट निस्कने कुहिने, नकुहिने, औषधिजन्य तथा धारिलो हतियारजन्य फोहोर (Sharp wastages) व्यवस्थापन गर्न नसकिएको

  स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको नियमित बैठक
- शव व्यवस्थापनमा चुनौती / शब बहान नभएको
- एम्बुलेन्स संचालन / चालक नभएको
- PHC को लागि यातायातको साधन गाडी
- टुकुचे स्वास्थ्यचौकीमा सडकको धुलोले गर्दा सेवा प्रवाहमा समस्या

## आम भेला संचालन

थासाङ गाउँपालिका अन्तर्गतका चारवटा स्वास्थ्य संस्थाहरुको आम भेलाको रुपमा गाउँकार्यपालिको बैठक मिति २०८२ चैत्र २० गते सम्पन्न भयो । भेलामा थासाङ गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, पालिका सामाजिक विकास समितिका संयोजक तथा वडाअध्यक्षहरु, प्रमुख प्रशाशकिय अधिकृत, प्रशासकिय अधिकृत, परीक्षणमा संलग्न स्वास्थ्य चौकी अन्तर्गत कार्यरत कर्मचारीहरु, गाउँपालिका स्वास्थ्य शाखा प्रमुख, पालिका स्थित विभिन्न विषयगत शाखाका प्रमुख तथा अन्य कर्मचारीहरु, महिलास्वास्थ्य स्वयम् सेविकाहरु, स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरु, स्वास्थ्य चौकीको सेवाक्षेत्रभित्रका सेवाग्राहीहरु, लगाएत वडामा रहेका सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरु, शिक्षक आदिको उपस्थिति थियो । कार्यपालिका बैठकआम भेलामा निम्न विषयवस्तुमा केन्द्रित भएर छलफल गरिएको थियो ।

# आम भेलामा उठेका मुख्य सवालहरु र सम्बोधन गर्नुपर्ने विषयहरु

- स्वास्थ्य संस्थाको भवन तथा बाह्रय संरचनाहरुको व्यवस्थापन
- कम्पाउण्ड वाल निर्माण
- सुझाव पेटिका
- संस्थाको डिजिटल वोर्ड व्यवस्थापन गर्ने
- नागरिक वडापत्रको व्यवस्था
- संचालित खोप र गाँउघर क्लिनीकको फर्निचर, पानी र फोहोरमैला व्यवस्थापन
- कर्मचारीहरु तथा स्वास्थ्य चौकी संचालन तथा व्यावस्थापन समितिका को नियमित वैठक
- संस्थामा दरबन्दी अनुसार कर्मचारीहरुको परिपूर्ति
- संस्थाको मासिक अनुगमन पुस्तिका
- स्वास्थ्य चौकी संचालन तथा व्यावस्थापन समितिको भूमिका
- स्वास्थ्य संस्थामा औजार उपकरणहरुको व्यवस्थापन
- फोहोरमैलाको उचित व्यवस्थापन
- USG सेवा संचालन
- X-ray सेवा संचालन




## (क) प्राथमिकतामा परेका स्वास्थ्य सेवाहरुः

**निःशुल्क स्वास्थ्य उपचार सेवा:** स्वास्थ्य सेवा लिने सबैले निशुल्क उपाचार पाएका छन्। यसमा सबै जातजाती गरिब, महिला, पिछडिएका तथा बन्चितिमा परेका समुदायको सङ्ख्या र सेवाको नियमितता रहेको पाइयो

**अ) निःशुल्क औषधी वितरणः** सेवा प्राप्त गर्नेहरु सबैले निशुल्क नेपाल रकारले प्रदान गर्ने ९८ प्रकारका औषधी प्राप्त गरेका छन् । केही थप अत्याबश्यक औषधी पालिकाले पनि किनेर निःशुल्क वितरण गरिएको पाइयो । निःशुल्क वितरण गरिएका एन्टिबायोटिक लगायत अन्य अत्यावश्यक औषधिहरूको वर्षभरि नियमित उपलब्धता भएको पाइयो। औषधी सबै स्वास्थ्य संस्थाहरुलाइ पालिकाको स्वास्थ्य शाखाले नियमित पठाउने गरेको पाइयो।

आ) **एकीकृत नवजात शिशु तथा बालस्वास्थ्य व्यवस्थापनः** स्वास्थ्य केन्द्र ३ स्वास्थ्यचौकी र १ वटा आधारभुत स्वास्थ्य केन्द्र र १ वटा सामुदायीक स्वास्थ्य इकाई रहेका छन्। यि स्वास्थ्य संस्थाबाट नियमित गर्भजाँच, सुरक्षित सुत्केरी तथा सुत्केरीरजाँच लगायतका कार्यहरु गरिरहेको पाइयो। बच्चालाइ नियमित खोपको अलवा राष्ट्रिय अभियान भिटामिन ए कार्यक्रम र जुकाको औषधी खुवाउने अभियान सञ्चालन हुदै आएको पाइयो। बच्चालाइ न्यानो राख्न सबै स्वास्थ्य संस्थामा गुणस्तरीय बेबी वार्मर हुनपर्ने देखियो। वर्षसम्मका बालबालिकाले नियमित खोप र सामान्य स्वास्थ्य उपाचार पाएका छन् तर निमोनिया लगायतका जटिल उपचारका लागी अन्यत्र रिफर गर्ने गरीएको छ।

ई) **परिवार नियोजन, खोप सेवा, गाँउघर क्लिनिक र पोषण कार्यक्रम**: थासाङ गाँउपालिकामा १ प्राथमिक स्वास्थ्य केन्द्र ३ स्वास्थ्यचौकी र १वटा आधारभुत स्वास्थ्य केन्द्र र १ वटा सामुदायीक स्वास्थ्य इकाई रहेका छन्। यि स्वास्थ्य संस्थाबाट नियमित रुपमा परिवार नियोजन सेवा र खोप सेवा पाइरहेका छन्।

पोषण सुधारका लागी गर्भवती महिलालाइ गाजर अण्डा सागसब्जी तथा गेडागुडि नियमित प्रदान गर्ने गरिएको पाइयो। यसको अलवा महिला स्वास्थ्य स्वयंसेविकाले पनि आफ्नो तर्फबाट पोषिलो खानेकुरा गेडागुडी सागसब्जी अण्डा लगायतका खानेकुरा उपहार दिने गरेको पाइयो। बालबालिकाले पाउनु पर्ने खोप सेवा नियमित पाएका छन्।

उ) **आमा सुरक्षा कार्यक्रमः** गर्भवती आमाहरुको नियमित गर्भ परीक्षण भैरहेको पाइयो । महिला स्वास्थ्य स्वयंसेबिका संग आफ्नो क्षेत्रका सबै गर्भवती महिलाहरुको तथ्यांक भएको पाइयो। उनिहरुलाइ नियमित गर्भजाँच र स्वास्थ्य संस्थामा सुत्केरी हुनको लागी परामर्श दिने गरेको पाइयो।

## ख) स्वास्थ्य संस्था व्यवस्थापन संग सम्बन्धित विषयहरु :

**स्वास्थ्य संस्था व्यवस्थापन समितिको बैठकः** पालिकाभित्र रहेका सबै स्वास्थ्य सस्थाहरुमा आबश्यकता बमोजिम बैठक बस्ने तर नियमित बैठक नबस्ने गरेको पाइयो। सबै स्वास्थ्य संस्थामा नियमित र मासिक बैठक बस्ने र स्वास्थ्य संस्थाका समस्याहरुको बारेमा छलफल गर्नुपर्ने देखिन्छ। बसेका बैठकले सबै बर्ग बैठक नबस्ने तर आबश्यकता बमोजिम बस्ने गरेको पाइयो। बैठकमा विशेषगरी महिला, दलित र जनजाति तथा विपन्न सबैको हित अनुकुल हुनेगरी निर्णय गरेको पाइयो।

**निःशुल्क स्वास्थ्य तथा प्रसूति सेवा लगायत अन्य सेवावापत सरकारले उपलब्ध गराउने रकमको उपयोगः**

नेपाल सरकारले निशुल्क स्वास्थ्य तथा प्रसूती सेवा लागायत अन्य सेवावापत उपलब्ध गराउने रकम उपलब्ध गराएको पाइयो नेपाल सरकाले प्रदान गर्ने संस्थागत सुत्केरी प्रोत्साहन भत्तामा पालिकाले रु ४००० थप गरेको पाइयो।

**स्वास्थ्य संस्था खुल्ने अवधिः** स्वास्थ्य संस्था प्रत्येक दिन विहान १०:०० वजेदेखि साँझ ५:०० वजेसम्म तथा सेवाग्राहीको आवश्यकता अनुसार खुल्ने गरेको पाइयो। स्वास्थ्यकर्मीहरु स्वास्थ्यसंस्था नजिकै बसोबास गर्ने भएकाले आबश्यकता बमोजिम अन्य समयमा पनि सेवा दिइरहेको पाइयो

**नागरिकको गुनासाहरू सुन्ने परिपाटीः** सबै स्वास्थ्य संस्थाहरुमा गुनासो पेटिका भएको। नागरिकको गुनासो सुन्ने परिपाटी देखियो । सेवाग्राहीले डिजिटल सेवा सन्तुष्टी फारम भर्नका लागी बारकोड प्रत्येक स्वास्थ्य सस्थामा राखेको पाइयो ।

**गाउँपालिका, वडा कार्यालय संगको समन्वय र स्रोत परिचालन**

स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापनका, औषधि र उपकरण खरिद तथा अन्य प्रयोजनका लागि आवश्यक स्रोत सुनिश्चित गर्न सम्बन्धित वडा कार्यालय तथा गाउँपालिका सँग निरन्तर समन्वय गरेको पाइयो ।

**संस्थाको संगठनात्मक संरचना, स्वीकृत दरबन्दी र कार्यरत कर्मचारीः**

स्वास्थ्य संस्थामा दरबन्दी अनुसार कर्मचारी नभएको पाइयो। सबै स्वास्थ्य संस्थामा कर्मचारी कम भएको पाइयो। प्रत्येक स्वास्थ्य संस्थामा कार्यालय सहयोगी अनियमित दैनिक ज्यालादारी रहेको पाइयो।

## (ग) स्वास्थ्य सेवाको गुणस्तरः

**मानवीय स्रोत व्यवस्थापनः** स्वास्थ्य संस्थामा भएका दरबन्दी, सोअनुसारका स्वास्थ्यकर्मीहरूको नभएको पाइयो। बर्थिङ सेन्टरमा पनि तालिम प्राप्त दक्षा प्रसुतीकर्मी समेत सदैब उपलब्धता नभएको देखियो । स्वास्थ्यकर्मीहरूको स्वास्थ्य संस्थामा नियमित उपस्थिति रहेको छ।

**स्वास्थ्यकर्मीहरूको व्यवहारः** स्वास्थ्य संस्थामा सेवा लिन पुगेका सेवाग्रहीसंगको भेटघाट तथा अनौपचारीक छलफल तथा अबलोकन बाट स्वास्थ्यकर्मीहरुले सेवाग्राहीलाइ गर्ने व्यवहार सरल र सहज रहेको पाइयो। सेवाग्राहीहरु सेवावाट सन्तुष्ट रहेका छन्।

**निर्मलीकरणः** स्वास्थ्य संस्थामा दैनिक प्रयोग हुने औजार जस्तै Autoclave लगायत अन्य उपकरणको निर्मलीकरण गर्ने व्यवस्था रहेको पाइयो सबै संस्थाहरुमा Autoclave रहेको र उपायोग भैरहको भेटियो।

**सरसफाइः** फोहर व्यवस्थापन का लागी कुहीने र नकुहिने फोहर छुट्टाइएको पाइयो। धारिला औजार सिरिन्ज जन्य नकुहिने फोहरको ब्यवस्थापन उपयुक्त तवरले भएको भेटिएन। स्वास्थ्य संस्थाभित्र र बाहिरको सरसफाइ, शौचालय, पानी आदिको उपलब्धता प्राथामिक स्वास्थ्य केन्द्रमा राम्रो देखिए पनि अन्य स्वास्थ्य चौकीहरुमा राम्रो देखिएन। स्वास्थ्य चौकी हप्ताको एकपटक मात्र सफा गर्ने गरेको पाइयो। कुञ्जो स्वास्थ्य चौकीमा शौचालय वडा कार्यालयको उपयोग गरेको पाइयो।

**सहभागीता तथा समावेशीकरण:** स्वास्थ्य संस्थाहरुले सेवा प्रबाह गर्दा  ज्येष्ठ नागरिक एवम् अपाङ्गमैत्री र लैङ्गिक संवेदनशीलता लाई ध्यानमा राखेर सेवा प्रदान गरेको पाइयो। प्राथामिक स्वास्थ्य केन्द्रमा  स्वास्थ्य संस्थाहरुमा  गोपनीयता र सेवाग्राहीको आवश्यकतानुसार सेवा दिइएको छ। कतिपय स्वास्थ्य संस्हरुमा उपचार कक्ष (कोठा) कम भएको पाइयो।

**प्रतिवेदनः** स्वास्थ्य संस्थाबाट तयार गर्नुपर्ने प्रतिवेदनहरु HMIS अनुरुप समयमा तयारी गरेको पाइयो।

## घ) वित्तिय अवस्था:

स्वास्थ्य संस्थामा अबलोकन तथा भेटघाटको क्रममा प्राप्त जानकारी अनुसार  पालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुको वित्तिय अवस्था संस्थापिच्छे फरक रहेको देखिन्छ। कुनै स्वास्थ्य  संस्था व्यवस्थापन समितिमा केही रकम भएको देखिन्छ भने कुनैमा ज्यादै न्युन रहेको देखिन्छ। यद्धपी संस्थामा प्राप्त भएको रकम व्यवस्थापन तथा सेवा प्रवाहको लागि पर्याप्त छ छैन । आम्दानी खर्चको समीक्षा तथा लेखा परीक्षण प्रतिवेदन, बजेटको कारणले सेवा प्रवाहमा समस्या भएको देखिन्छ। प्राथामिक स्वास्थ्य केन्द्रले फार्मेसी सञ्चालन गरेकाले खरिद प्रकृया तथा नियमित लेखापरीक्षण हुनपर्ने देखिन्छ।

# स्वास्थ्य संस्थाको अवस्था विश्लेषण, संस्थाको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर तथा चुनौतीहरु तथा कार्ययोजना

## लेते प्राथमिक स्वास्थ्य केन्द्र

| स्वास्थ्य संस्थाको नाम | सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु | चुनौतीहरु |
|---|---|---|---|
| लेते प्राथमिक स्वास्थ्य केन्द्र | • स्वास्थ्य संस्थाको आफ्नै भवन भएको<br>• स्वास्थ्य संस्था नियमीत संचालन भएको<br>• स्वास्थ्य संस्थाहरुको कार्यालयको वोर्ड र छाप भएको<br>• शौचालयको व्यवस्थापन ( महिला पुरुष छट्टाछुट्टै भएको<br>• औषधिहरुको विवरण प्राप्त भएको<br>• स्वास्थ्य कर्मीहरुको नियमित उपस्थिति देखिएको<br>• स्वास्थ्य संस्थामा आ व अनुसारका सेवाका इलोक्ट्रोनिक<br>• फाईलहरु राखिएको<br>• स्वास्थ्य चौकीमा प्लासेन्टापिटको व्यवस्था<br>• स्वास्थ्य संस्थामा स्वच्छ पिउने पानीको व्यवस्था<br>• स्वास्थ्य संस्थामा वत्तिको राम्रो व्यवस्था भएको व्यकअप पनि भएको<br>• स्वास्थ्य संस्थामा खोप, सुरक्षित मातृत्व र परिवार नियोजन<br>• सेवाका अभिलेषिकरण राम्रो रहेका<br>• स्वास्थ्य संस्थाहरुमा औषधि भण्डारण उपुक्त तरीकाबाट गरिएको<br>• ल्याव सेवा संचालन गरिएको<br>• नियमित ओपीडी सेवा संचालन र निःशुल्क औषधीहरु ितवरण भएको | • स्वास्थ्य संस्थामा स्तनपन कक्षको व्यवस्था<br>• गर्नुपर्ने<br>• शौचालयको व्यवस्था पन ( महिला पुरुष छट्टाछुट्टै भएको तर अपाङ्गमैत्री बनाउनु पर्ने,)<br><br>• स्वास्थ्य संस्थाको वोर्ड संघीय ढाँचा अनुरुप हुनुपर्ने<br>• एक्स रे सेवालाई नियमित संचालन गर्न पहल गर्नुपर्ने<br>• एमबुलेन्स सेवा नियमित गर्न चालकको व्यवस्था गर्नुपर्ने<br>• दरबन्दी अनुसार कर्मचारीहरुको पदपुर्तीको लागि पहल गर्नुपर्ने<br>• फोहरमैला दिर्घकालीन व्यवस्थापनको<br>• पहल गर्नुपर्ने<br>• बिरामी प्रतिक्षलयमा उपयुक्त किसिमको कुर्चीको व्यवस्था गर्नुपर्ने<br>• भिडियो एक्स रे सेवाकोलागि दक्ष | • फोहरमैलाको दिर्घकालिन व्यवस्थापन<br>• USG सेवाको लागि<br>• आधिकारीक दक्ष जनशक्ति व्यवस्थापन<br>• एम्बुलेन्स सेवाको निरन्तरता र शब ब्यबस्थापन |

| | | | |
|---|---|---|---|
| | • सेवाग्राहीले निःशुल्क प्रसुती सेवा पाएका<br>• स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यावस्थापन समिति रहेको<br>• स्वास्थ्य संस्थामा आमा सुरक्षा कार्यक्रम संचालन भएको<br>• गर्भवती जाँचको बेला पोसिला खानेकुराहरु उपलब्ध<br>• गराउँने व्यवस्था भएको<br>• भिडियो एक्स रे सेवा उपलब्ध रहेको<br>• ७० वर्षभन्दा माथिका जेष्ठ नागरीकलाई निशुल्क स्वास्थ्य<br>• सेवा प्रदान गर्ने गरिएको<br>• स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति र कर्मचारीहरुको बैठक हुने गरेको<br>• सेवाग्राहीहरु स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाबाट खुसी रहेको<br>• स्वास्थ्य संस्थामा नागरिक वडा पत्र भएको<br>• स्वास्थ्य संस्थामा सुझाव पेटिका भएको<br>• सुचना अधिकारी तोकिएको | जनशक्तिको व्यवस्था गर्नुपर्ने<br>• डिजिटल X-Ray मेशीनको व्यवस्था भए राम्रो हुन्थ्यो ।<br>• प्राथमिक स्वास्थ्य केन्द्रमा १ वटा कम्बोड शौचालय भएमा राम्रो हुन्थ्यो ।<br>• PHC मा **Ice Lined Refreigerator (ILR) Deep Freeze** भए राम्रो हुन्थ्यो | |

## आ व २०८३/०८४ को लागि लेते प्राथमिक स्वास्थ्य केन्द्रको कार्ययोजना

| क्रियाकलापहरु | सम्पन्न गर्ने अवधि | जिम्मेवार व्यक्ति | स्रोत उपलब्ध गराउँने निकाय | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|
| फोहोर मैला व्यवस्थापन (कुहिने, नकुहिने, औषधिजन्य, धारिलो आदि) गर्ने | आर्थिक वर्ष ०८३/०८४ भित्र | स्वास्थ्य संस्था प्रमुख/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति | कार्यपालिका/गाउँ सभा | गापा/स्वास्थ्य शाखा |
| शौचालयको व्यवस्थापन गर्नुपर्ने (अपाङ्गमैत्री,कमोड) | आर्थिक वर्ष ०८३/०८४ भित्र | स्वास्थ्य संस्था प्रमुख/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति | गापा/स्वास्थ्य शाखा | गापा/स्वास्थ्य |

| | | | | |
|---|---|---|---|---|
| स्तनपान कक्षको व्यवस्था गर्ने | २०८३ असोज मसान्त | स्वास्थ्य संस्था प्रमुख/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति | स्वास्थ्य संस्था/ गापा स्वास्थ्य शाखा | गापा/स्वास्थ्य शाखा |
| बिरामी तथा सेवाग्राहीहरुको लागि प्रतिक्षालयमा आरामदायी कुर्चीको व्यवस्थाा गर्ने | आर्थिक वर्ष ०८३/०८४ भित्र | स्वास्थ्य संस्था प्रमुख/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति र अन्य सरोकारवालाहरु | कार्यपालिका/गाउँ सभा | गापा/ स्वास्थ्य शाखा |
| स्वास्थ्य बिमा कार्यक्रम बिस्तार गर्ने | आर्थिक वर्ष ०८३/०८४ भित्र | स्वास्थ्य संस्था प्रमुख /कर्मचारी /HFOMC | कार्यपालिका/गाउँ सभा | गापा/स्वास्थ्य शाखा |
| एमबुलेन्स चालकको व्यवस्था गर्ने | निरन्तर | स्वास्थ्य संस्था प्रमुख /कर्मचारी /HFOMC | कार्यपालिका/गाउँ सभा | गापा/ स्वास्थ्य |
| डिजिटल एक्सरे मेशिन खरिद | २०८३ असार मसान्त सम् | स्वास्थ्य संस्था प्रमुख /कर्मचारी /HFOMC/ गाँउपालिका / गापा स्वास्थ्य शाखा | कार्यपालिका/गाउँ सभा | कार्यपालिका/गाउँ सभा |

## कोवाङ स्वास्थ्य चौकी

| **स्वास्थ्य संस्थाको नाम** | सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु | चुनौतीहरु |
|---|---|---|---|
| कोवाङ स्वास्थ्य चौकी | • स्वास्थ्य संस्थाको आफ्नै भवन भएको<br>• स्वास्थ्य संस्था नियमीत संचालन भएको<br>• स्वास्थ्य संस्थाको कार्यालयको वोर्ड भएको<br>• औषधिहरुको विवरण प्राप्त भएको<br>• स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्ने क्रममा रहेको<br>• स्वास्थ्य कर्मीहरुको नियमित उपस्थिति देखिएको<br>• स्वास्थ्य संस्थामा आ।ब।अनुसारका सेवाका इलोक्ट्रोनिक फाईलहरु | • स्वास्थ्य संस्थामा स्तनपन कक्षको व्यवस्था गर्नुपर्ने<br>• शौचालयको व्यवस्थापन गर्नुपर्ने (अपाङ्गमैत्री, महिला, पुरुष छुट्टाछुट्टै)<br>• स्वास्थ्य संस्थाको वोर्ड संघीय ढाँचा अनुरुप हुनुपर्ने<br>• एमबुलेन्स सेवा नियमित गर्न चालकको व्यवस्था गर्नुपर्ने<br>• दरबन्दी अनुसार कर्मचारीहरुको पदपुर्तीको लागि पहल गर्नुपर्ने | फोहरमैला दीर्घकालिन व्यवस्थापन |

| | | | |
|---|---|---|---|
| | • राखिएको<br>• स्वास्थ्य चौकीमा प्लासेन्टापिटको व्यवस्था भएको<br>• Autoclave मेशीन भएको<br>• स्वास्थ्य संस्थामा स्वच्छ पिउने पानीको व्यवस्था भएको<br>• स्वास्थ्य संस्थामा वत्तिको राम्रो व्यवस्था भएको<br>• स्वास्थ्य संस्थामा खोप, सुरक्षित मातृत्व र परिवार नियोजन सेवाका अभिलेषिकरण राम्रो रहेका<br>• स्वास्थ्य संस्थाहरुमा औषधि भण्डारण उपुक्त तरीकाबाट गरिएको<br>• ल्याव सेवा संचालन गरिएको<br>• नियमित ओपीडी सेवा संचालन र निःशुल्क औषधीहरु वितरण भएको<br>• स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यावस्थापन समिति कार्यरत रहेको<br>• स्वास्थ्य संस्थामा आमा सुरक्षा कार्यक्रम संचालन भएको<br>• गर्भवती जाँचको बेला पोसिला खानेकुराहरु उपलब्ध गराउँने व्यवस्था भएको<br>• ७० वर्षभन्दा माथिका जेष्ठ नागरीकलाई निशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने गरिएको<br>• सेवाग्राहीहरु स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाबाट खुसी रहेको<br>• स्वास्थ्य संस्थामा नागरिक वडा पत्र भएको | • फोहरमैला व्यवस्थापनको लागि दिर्घकालीन पहल गर्नुपर्ने<br>• बिरामी प्रतिक्षलयमा उपयुक्त किसिमको कुर्चीको व्यवस्था गर्नुपर्ने<br>• यसलाइ मर्मत गर्नुपर्ने देखिन्छ।<br>• स्वास्थ्य चौकीको ड्रेसिङ कक्षका काठहरु कुहिएर भित्र ड्रेसिङ गर्न नसकिने अवस्थाका छ। यसलाइ मर्मत गर्नुपर्ने देखिन्छ।<br>• स्वास्थ्य चौकीमा ओपिडी खुला ठाँउमा रहेकाले स्थानमा कोठाको ब्यबस्था गर्नुपर्ने देखिन्छ। | |

## कार्ययोजना आव २०८३/०८४ को लागि कोवाङ स्वास्थ्य चौकीको कार्ययोजना

| क्रियाकलापहरु | सम्पन्न गर्ने अवधि | जिम्मेवार व्यक्ति | स्रोत उपलब्ध गराउँने निकाय | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|
| सुचना अधिकारी तोक्ने | २०८3/२०८४ सम्म | स्वास्थ्य संस्था प्रमुख/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति | स्रोत आवश्यक नपर्ने | गापा /स्वास्थ्य शाखा |
| फोहोर मैला व्यवस्थापन (कुहिने, नकुहिने, औषधिजन्य, धारिलो आदि) गर्ने | आर्थिक वर्ष ०८३/०८४ सम्म | स्वास्थ्य संस्था प्रमुख/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति | गापा /स्वास्थ्य शाखा |
| शौचालयको व्यवस्थापन गर्नुपर्ने (अपाङ्गमैत्री, महिला, पुरुष छुट्टाछुट्टै) | आव ०८३/०८४ सम्म | स्वास्थ्य संस्था प्रमुख/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति | कार्यपालिका/गाउँ सभा | गापा/ स्वास्थ्य शाखा |
| स्तनपान कक्षको व्यवस्था गर्ने | आव ०८३/०८४ सम्म | स्वास्थ्य संस्था प्रमुख÷स्वास्थ्य संस्था संचालन | गाँउपालिका/स्वास्थ्य शाखा | गापा/ स्वास्थ्य |
| एम्बुलेन्स चालकको व्यवस्था गर्ने | आगामी असोज मसान्त | स्वास्थ्य संस्था प्रमुख /कर्मचारी/ HFOMC | कार्यपालिका/गाउँ सभा | गापा/ स्वास्थ्य शाखा |
| स्वास्थ्य संस्थाको वोर्ड संघीय ढाँचा अुरुपको राख्ने | आगामी असोज मसान्त सम्म | स्वास्थ्य संस्था प्रमुख /कर्मचारी /HFOMC | गाँउपालिका/स्वास्थ्य शाखाको समन्वयमा | गापा÷/स्वास्थ्य शाखा |
| कार्यालय सहयोगीको व्यवस्था गर्न पालिकामा पहल गर्ने | आर्थिक वर्ष | स्वास्थ्य संस्था प्रमुख/स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति | गाँउपालिका/स्वास्थ्य शाखा | गापा/ स्वास्थ्य शाखा |

## टुकुचे स्वास्थ्य चौकी

| स्वास्थ्य संस्थाको नाम | सवल पक्षहरु | सुधार गर्नुपर्ने पक्षहरु | चुनौतीहरु |
